विदेशमा ज्यानको विवाद, स्वदेशमा सम्पत्तिको । पेज ३ मा



कलहकै कारण परिवारसँग छुट्टिएर भिन्न बसेकी नीलमदेवी छोराछोरीसँग

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक ७१ ♦ २०८० साल मंसीर १० गते आइतवार ♦ 26 Nov 2023♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## मधेस प्रदेशमा ४३ प्रतिशत किसान परिवारलाई आफ्नो उत्पादनले वर्षभरि खान नपुग्दैन

**खबर दर्पण समाचारदाता**

**मंसीर ९ गते, महेन्द्रनगर**

अन्नभण्डारका रूपमा रहेको मधेस प्रदेशमा कृषिकर्म गर्नेमध्ये ४३ प्रतिशत परिवारलाई आफ्नो उत्पादनले वर्षभरि खान नपुग्ने गरेको पाइएको छ। राष्ट्रिय कृषि गणना-२०७८ अनुसार मधेसमा सात लाख ३८ हजार तीन सय ४० कृषक परिवारमध्ये ४३ प्रतिशत परिवारलाई आफ्नै उत्पादनले वर्षभरि खान नपुग्ने गरेको पाइएको हो।



नेपालको कूल जनसङ्ख्यामध्ये ६१ लख १४ हजार छ सय जनसङ्ख्या अर्थात् ११ लाख ५६ हजार सात सय १५ परिवार बसोबास गर्ने यस प्रदेशमा सात लाख ३८ हजार तीन सय ४० अर्थात् ६३ दशमलव ८ प्रतिशत परिवार कृषक रहेका तथ्याङ्कमा उल्लेख गरिएको छ।

प्रदेशका आठ जिल्लामा छरिएर रहेका ती कृषक परिवारले चार लाख ९२ हजार चार सय ९७ हेक्टरमा कृषिकार्य गर्ने गरेकामा ५७ प्रतिशतलाई मात्रै आफ्नै कृषि उत्पादनले वर्षैभरि खान पुग्ने गरेको कृषि गणना २०७८ मा उल्लेख गरिएको छ।

तथ्याङ्कले अधिकांश कृषक परिवारले जीवन निर्वाहका लागि मात्रै कृषि कर्म गर्ने गरेको देखाएको छ। जसअनुसार कृषि उत्पादनको हिस्सामध्ये १ दशमलव ८ प्रतिशत मात्रै बिक्री गर्ने गरिएको र त्यसबाहेक ६२ दशमलव २ प्रतिशत सबै घरायसी, ३० प्रतिशत मुख्य घरायसी र केही बिक्री तथा ५ दशमलव ६ प्रतिशत मुख्य बिक्री र केही घरायसी प्रयोग गर्ने गरिएको छ। मधेस प्रदेशमा अहिले पनि आम्दानीको मुख्यस्रोत कृषि कार्य हो भनी बताउने कृषकको प्रतिशत ६४ दशमलव ३ छ।

कृषक परिवारअन्तर्गत मधेसमा जम्मा कित्ता सङ्ख्या २१ लाख ७४ हजार सात सय ९८ र

*बाँकी पृष्ठ २ मा*

## सुत्केरीको मृत्यु भएपछि जनकपुर प्रादेशिक अस्पतालमा तनाव, शल्यक्रिया गर्ने डाक्टर फरार

**खबर दर्पण समाचारदाता**

**मंसीर ९ गते, महेन्द्रनगर**



प्रादेशिक अस्पताल जनकपुरमा शल्यत्रियामार्फत छोरा जन्माएकी एक सुत्केरीको मृत्यु भएको छ। मृत्यु हुनेमा महोत्तरीको मठिहानी नगरपालिका ३ बर्दाहाका मोहम्मद हातिमकी श्रीमती २५ वर्षीया तजवुल खातुन छन् ।

मृतकका भाई पर्ने मोहम्मद सकिर राइनका अनुसार शुक्रबार दिउँसो ३ बजेतिर सुत्केरी व्यथा लागेपछि जनकपुरको वैदेही हस्पिटलसहित अन्य निजीमा लगिएको थियो । तर कतै भर्ना नलिएपछि राति ८ बजे प्रादेशिक पुर्याएपछि चिकित्सकले शल्यक्रिया गरेका थिए। शल्यक्रिया मार्फत उनले छोरा जन्माएकी थिइन् ।

*बाँकी पृष्ठ २ मा*

## इजरायलमा मृत्यु भएका धनुषाका आनन्द साहको परिवारजनलाई आर्थिक सहयोग



**खबर दर्पण समाचारदाता**

**मंसीर ९ गते, महेन्द्रनगर**


इजरायलमा मृत्यु भएका धनुषाको सपहीका आनन्द साहको परिवारजनलाई आर्थिक सहयोग प्रदान गरिएको छ । सिरहाको मिर्चैया नगरपालिकाले संकलन गरेको १ लाख १ हजार रुपैयाँ आनन्द साहका परिवारजनलाई शुक्रबार हस्तान्तरण गरिएको छ । मिर्चैया नगर

*बाँकी पृष्ठ २ मा*

ए.एस.डी. अफसेट प्रेस

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

# मधेस प्रदेशमा ४३ प्रतिशत....

प्रतिकृषक परिवार कित्ता सङ्ख्या २.९ देखाएको छ। यहाँ सबैभन्दा बढी तीन लाख ८४ हजार पाँच सय ५३ हेक्टरमा धानबाली र दुई लाख ४७ हजार छ सय नौ हेक्टरमा गहुँ र ३३ हजार सात सय १९ हेक्टरमा मकै रहेको छ। यहाँ एकबाली सकिनासाथ अर्को बाली लगाउने अर्थात् बाली सघनता १ दशमलव ८७, स्थायी बालीका रूपमा रहेका आँप, केरा र कागती क्रमशः १५ हजार चार सय ३३ हे, एक हजार एक सय ८३ र एक सय ३७ हेक्टर छ।

कृषि गणनाको विवरणअनुसार कृषि कार्यका लागि उपकरण प्रयोग गर्ने किसानको सङ्ख्यामध्ये ट्र्याक्टर ६४ दशमलव सात, फलामे हलो २० दशमलव आठ र पावरट्रिलर चार दशमलव सात प्रतिशत छ। त्यस्तै, प्रदेशमा १६ दशमलव दुई प्रतिशत कृषक परिवारले कृषि प्रयोजनका लागि ऋण लिएका, एक दशमलव दुई प्रतिशतले मात्रै कृषि बीमा गरेका र तीन दशमलव सात प्रतिशतले सरकारी अनुदान पाएका छन्।

यहाँ मुख्य कृषकमा ८५ दशमलव आठ प्रतिशत पुरूष र १४ दशमलव दुई प्रतिशत महिला रहेको छन् भने कृषक परिवारमध्ये ३० दशमलव एक प्रतिशतले कृषि कार्यका अतिरिक्त अन्य आर्थिक क्रियाकलाप पनि सञ्चालन गर्ने गरेका छन्। त्यस्तै, मधेसमा गाईगोरूको सङ्ख्या करिब तीन लाख ८० हजार, राँगाभैँसीको सङ्ख्या करिब पाँच लाख २९ हजार, बाख्रा, खसी, बोका, च्याङ्राको सङ्ख्या करिब १४ लाख ४८ हजार तथा कुखुराको सङ्ख्या करिब २४ लाख ६१ हजार रहेको पनि तथ्याङ्कले देखाएको छ।

## के भन्छन् सरोकार वाला ?

कृषि गणनाको सार, कृषि योजनाको पूर्वाधार भन्ने नारासहित गरिएको राष्ट्रिय कृषि गणना २०७८ को नतिजाले अन्नभण्डारका रूपमा रहेको मधेस प्रदेशकै अवस्था चिन्ताजनक देखाएको छ।

प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपानेले सिँचाइ पूर्वाधार, समयमा मल नपाइनु, अनुदानको न्यायोजित वितरण नहुनुलगायत कारणले वास्तविक कृषकलाई जीवननिर्वाह गर्नसमेत समस्या भइरहेको बताए।

मन्त्री न्यौपानेले मधेसमा सिँचाइको पर्याप्त सम्भावना भए पनि कृषिक्षेत्र र मधेस सधैं उपेक्षामा परेका कारण यहाँका कृषकले लाभ लिन नसकेको बताउनुभयो। त्यसलाई मध्यनजर गरी प्रदेश सरकारले कृषिसम्बन्धी ऐन निर्माण गरी कृषि क्षेत्रको व्यवसायीकरण र नागरिकको आकर्षण बढाउने गरी काम गर्ने योजना बनाएको उनको भनाइ थियो।

तथ्याङ्कमा मधेस प्रदेशमा कूल सिञ्चित क्षेत्र ७४ प्रतिशत र सिँचाइ सुविधा लिएका परिवारको सङ्ख्या ८३ प्रतिशत रहेको भनिए पनि अहिले आकाशेपानी र ट्युबवेल, पम्पसेटको सहारामा परम्परागत शैलीको कृषिकर्म गर्नुपर्ने बाध्यता छ। प्रदेशसभा सदस्य रामअशिष यादवले समयमा र पर्याप्त पानी नपरेका कारण यही वर्ष मधेशका किसानले भोगेका समस्याबारे कोही अनभिज्ञ नरहेको भन्दै युगान्तकारी परिवर्तन गर्ने सिँचाइ पूर्वाधार नबनाए मधेस मरूभूमि बन्ने खतरा रहेको बताए।

मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले कृषिप्रधान मुलुक भने पनि त्यसबाट लाभ लिने गरी नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था तथा रणनीतिक उपयोग गर्न नसक्दा समस्या भइरहेको बताए। मण्डलले कृषिबाट लाभ लिनका लागि अन्य देशले कृत्रिम नदी निर्माण गरिरहेका सन्दर्भ उल्लेख गर्दै नेपालले पनि अन्नभण्डारका रूपमा रहेको मधेस प्रदेशमा चुरेको फेदमा कोसीदेखि नारायणीसम्म कृत्रिम नदी निर्माण गर्न समयमै सोच्नुपर्ने सुझाव दिए।

मधेस प्रदेशसभा प्राकृतिक स्रोत तथा वातावरण समितिका सभापति शारदा दास (पहाडी) ले कृषिमा आधुनिकीकरण र व्यवसायीकरणका माध्यमबाट किसानलाई आकर्षण गर्नुपर्नेमा जोड दिइन्।

‘कृषिमा आधारित उद्योगको प्रवर्द्धन, कृषकलाई प्रोत्साहन र सिँचाइलगायत पूर्वाधारको विकास गर्ने ठोस नीति नलिएमा आगामी केही वर्षमा अधिकांश जमिन बाँझो र खण्डहर हुने अवस्था आउन सक्छ। त्यसैले सबै तहका सरकार यसमा गम्भीर बन्न जरूरी छ,’ उनले भनिन्।-रासस

# इजरायलमा मृत्यु भएका धनुषाका........

पालिकाका मेयर श्रवण कुमार यादवले उक्त रकम साहका बुबालाई हस्तान्तरण गरेका छन्।

मिर्चैया नगरपालिकाका नगर प्रमुख, कर्मचारी, वडा कार्यालयहरुका कर्मचारी, नगरका विभिन्न विद्यालय, कलेज, अनलाईन माध्यमबाट देशका विभिन्न भागका कृषि विषयमा अध्ययनरत विद्यार्थी तथा शिक्षकहरुबाट उक्त रकम सहयोग स्वरुप संकलन गरिएको मेयर यादवले जानकारी दिए। उनले आगामी दिनमासमेत विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थानबाट सहयोग संकलन गरेर मृतक साहको परिवारलाई हस्तान्तरण गर्ने बताए।

गत महिना इजरायलमा भएको आतंकी हमलामा १० जना नेपालीको मृत्यु भएको थियो। जसमध्ये धनुषाका आनन्द साह समेत थिए।

उनी नेपाल सरकारको तर्फबाट कृषि सम्बन्धी अध्ययन गर्न इजरायल गएका थिए।

# सुत्केरीको मृत्यु भएपछि तनावग्रस्त........

तजवुलको आज बिहान रक्तश्राव भएर मृत्यु भएको भाई पर्ने सकिर बताउँछन्। चिकित्सकले शल्यक्रियामा लापरबाही गर्दा मृत्यु भएको उनको दावी छ। उनले शल्यक्रिया पश्चात चिकित्सक फरार भएको आरोप लगाए। सुत्केरीको मृत्युपछि अहिले प्रादेशिक अस्पताल तनावग्रस्त बनेको छ।

यता प्रादेशिक अस्पतालका निर्देशक डा. रामनरेश पण्डितले तजवुलको शल्यक्रिया र उपचारमा कुनै प्रकारको लापरबाही नभएको दावी गरे। ‘उनलाई कुनै पनि प्राइभेट हस्पिटलले भर्ना नलिएपछि अन्तिम अवस्थामा प्रादेशिक अस्पतालमा ल्याएको थियो। बाहिर रेफर गर्ने अवस्था थिएन।

हेल्थसिन्डोम (चम्की रोग) र जण्डिस रोगले उनी ग्रसित थिइन्’, वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ समेत रहेको डा.पण्डितले भने ‘सिकिस्त अन्तिम अवस्थामा रहेका बिरामीलाई हामीले तुरन्तै शल्यक्रिया गरेर हरसम्भव बचाउने प्रयास गर्यौं। बच्चा समान्य छन्। तर आज बिहान आमाको मृत्यु भयो’ यस्तो रोग भएको प्रसुति महिलालाई शरीरको जुनसुकै भागबाट रक्तश्राव भइ मृत्यु हुने सम्भावना प्रवल हुने उनको तर्क छ।

वरिष्ठ प्रसुति रोग विशेषज्ञ समेत रहेका डा. पण्डिका अनुसार उनको शल्यक्रियामा अनुभवी प्रसुति रोग विशेषज्ञ डा. राजदेव महतोले गरेका थिए। अनुभवी एनेसथेसिया लगायतको टीम सरिक थियो। सुत्केरीको मृत्यु पश्चात अहिले अस्पतालको अवस्था तनावग्रस्त बनेको छ। तोडफोड लगायत कुनैपनि अप्रिय घटना हुन नदिन व्यापक मात्रामा प्रहरी परिचालन गरिएको छ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष -** मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ। साताको अन्त्यमा काममा असफलता, धनको नाश हुने योग छ।

**वृष-** काममा बाधा, खर्च वृद्धि हुनेछरु। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। शुक्रबार भने मनमा डर-चिन्ता रहनेछ। धार्मिक यात्राको योग छ।

**मिथुन-** दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। अपूरा कार्य पूर्ण हुनेछन्। अनावश्यक खर्च बढ्नेछ।

**कर्कट -**साताको सुरुमा शत्रुले दुःख दिने, मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछरु। आयआम्दानीको स्रो बढ्नेछरु। साताको अन्त्यमा सरकारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ।

**सिंह -** आय आर्जनमा गतिरोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ।

**कन्या -** परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछरु। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ।

**तुला -** स्वास्थ्य प्रतिकूल रहने, यात्रामा बाधा आउनेछ। रोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछ।

**वृश्चिक -** काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। छ।

**धनु -** चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। साताको अन्त्यमा समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ।

**मकर -** मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ।

**कुम्भ -**सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछ।

**मीन -**सरकारी काममा सफलता हुनेछरु। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछरु। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ।उपहारआदी प्राप्त हुनेछ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरु ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बढ्धार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१–५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# विदेशमा ज्यानको विवाद, स्वदेशमा सम्पत्तिको

सुनिता बराल

तेइस वर्षकी रानी पासवानले यो उमेरमा जे जस्ता कहालीलाग्दा घटना भोगिन्, त्यसको वृत्तान्त एकैछिनमा भन्न उनी सक्दिनन् । १९ वर्षमा महोत्तरीको भंगाहा-७ का छोटे पासवानसँग विवाह गरेको चार वर्ष नबित्दै २ छोरीकी आमा भइसकेकी थिइन् । डेढ लाख कर्जा लिएर २०७८ चैतमा वैदेशिक रोजगारीका लागि साउदी अरब उडेका उनका श्रीमान् ९ महिनापछि बाकसमा फर्किए । उनले सुनाइन्, 'त्यसपछि मेरा झनै धेरै दुःखका दिन सुरु भए ।'

१८ जनाको संयुक्त परिवारभित्र उकुसमुकुसमा दिन काटेकी रानीलाई पति मृत्युको शोक छँदै थियो, त्यसपछिका दिनमा परिवारले गर्ने व्यवहारले थप प्रताडित बनायो । भन्छिन्, 'श्रीमान् नभएपछि परिवारमा सबैले हेप्ने रहेछन् ।'वैदेशिक रोजगारीमा श्रीमान् गुमाएका महिलाले एकातिर शोक सामना गरिरहेका हुन्छन् भने अर्कोतिर परिवारकै सदस्यबाट हुने हेलाहोचो र अपमान । धेरैजसो यस्तो अपमान र हेपाइमा वैदशिक रोजगारीमा मृत्यु हुनेका पारिवारिक सदस्यले पाउने क्षतिपूर्ति र बिमाको रकम कसले लिने भन्ने स्वार्थ पनि मिसिएको हुन्छ । जस्तो कि रानीले नै सुनाइन्, 'श्रीमान्को शव लिन काठमाडौं जान पनि परिवारले मलाई दिएन । उताबाट क्षतिपूर्ति रकम आउँछ भन्ने थाहा पाएकाले मेरो हातमा पैसा नपरोस् भनेर रोकिएको रहेछ ।'

मृत्युपछि प्राप्त हुने बिमा रकम र वैदेशिक रोजगार बोर्डले दिने क्षतिपूर्ति रकम हातमा पर्न नदिन परिवारले खेल्ने 'राजनीति' मधेशका गाउँ गाउँमा भेटिन्छन् । रानीले सुनाइन्, 'विदेशबाट आएको ४ लाख रुपैयाँ जेठाजुले शवसँगै हातमा लिएर आए । जब मेरो हातमा बोर्डबाट ७ लाख रुपैयाँ आयो, त्यसपछि परिवारमा झगडा सुरु भयो ।' रानीका अनुसार श्रीमान्को मृत्युपछि बिमाबाट आएको १४ लाख रुपैयाँ बुझे पनि उनीमाथि परिवारले ज्यानै लिनेसम्मको हर्कत गऱ्यो । उनले भनिन्, 'कलह बढ्दै गएर ज्यानै लिने खतरा भएपछि ३ र २ वर्षकी छोरीसहित माइतीमा आएर बसें ।'

रानीका समस्या यत्तिमै सकिएन । क्षतिपूर्ति रकम राख्न ससुरा रामसेवक पासवानको समेत हस्ताक्षर रहने गरी संयुक्त खाता खोलियो । माइतीसँग सल्लाह गर्न नसकोस् भनेर उनको मोबाइल खोसिदिए । घरबाट निस्कन दिएनन् । पैसा निकालेर दिन दबाब दिए । असुरक्षित महसुस भएपछि रानी प्रहरी चौकीमा पनि पुगिन् । तर, त्यसपछि उनको घरसँग झनै दूरी बढ्यो । दुई छोरीको जन्मदर्ता र रानीको नागरिकतासहित विवाह दर्तासमेत परिवारले खोसर राखेका छन् । कागजपत्रकै अभावमा रानीले विधवा भत्ता र बालबालिकाले वैदेशिक रोजगार बोर्डबाट पाउने शैक्षिक छात्रवृत्तिको रकममा समेत दाबी गर्न सकेकी छैनन्।

रानीकी आमा विनोदकुमारी देवीले भागाभाग गरेर ज्यान बचाएर आएकी छोरीलाई यही अवस्थामा घर पठाउन सक्ने अवस्था नरहेको बताइन् । सात महिनायता रानी सुगास्थित माइतीमै छिन् । विनोदकुमारीले भनिन्, 'बुहारीलाई राम्रो गरे हामी ज्वाइँकै घरमा छोरी पठाउन चाहन्छौं ।'

रानीका जेठाजु ललन पासवानले भने सबै गरेर २५ लाख क्षतिपूर्ति, राहत र बिमा रकम आएको बताए । उनले भाइ विदेश उड्दा लिएको २ लाख कर्जा अहिले बढेर २ लाख ७० हजार भएको र उक्त कर्जासमेत नतिरी रानी घरबाट हिंडेको बताए । उनले लगाएको कुटपिट र ज्यान मार्ने धम्कीको आरोप निराधार भएको बताउँदै उनले भने, 'जन्मदर्ता र विवाह दर्ताको कागज उसैले हराएको हो । अरू आरोप सबै झूटो हो ।'

छोटेको मृत्युपछि क्षतिपूर्ति रकम लिन पहल गरिदिएका भंगाहा-७ का वडाध्यक्ष नरेश साह सोनारले रानीको बसाइ परिवारमै होस् भनेर निकै प्रयास गरे पनि सम्भव नभएको बताए । 'नियम-कानुन बेग्लै हुन्छ,' उनले भने, 'परिवारलाई धोका दिएर गएकाले समाजमा मिलाउने हिसाबले कुरा गरिरहेको छु तर रानीले मानिरहेकी छैनन् ।'

रानीले भोगेको व्यथा मधेशको साझा कथा हो । ६ वर्ष पहिले महोत्तरीको बर्दिवास-१२ स्थित विजलपुराका धनवीर महतोसँग विवाह गरेकी धनुषा लक्ष्मी निवासकी विमला कुशवाह पनि अहिले रानीजस्तै माइतीमा बसिरहेकी छन् । उनको कथा पनि रानीको भन्दा फरक छैन ।

२०७६ फागुनमा उनका श्रीमान् धनवीर वैदेशिक रोजगारीका लागि मलेसिया पुगे । २०७९ फागुनमा स्वदेश फर्किने योजना थियो । तर, कार्तिक २९ गते उनको मृत्यु भएको खबर आयो । 'उहाँसँग कुरा नभएको दुई दिन भएको थियो,' विमलाले भनिन्, 'एक्कासि परिवारमा कुनै दुर्घटनामा घाइते भएको भनेर रुवाबासी सुरु भयो । तर परिवारलाई थाहा भए पनि मलाई पछि थाह भयो, उनको त मृत्यु नै भैसकेको रहेछ ।'

मृत्युको पुष्ट खबर आफूले पाउनुअघि नै धनवीरको शव गाउँमा ल्याइएको विमलाले बताइन् । सद्गतपछि सुरु भयो, परिवारभित्रै कचिंगल । यसको कारण केही थिएन, मृत्युपछि प्राप्त हुने बिमा रकम र सरकारले दिने राहत रकम कसले लिने भन्ने विवाद । उनले सुनाइन्, 'मृत्युपछि आएको पैसाको विषयमा भएको छलफल बिस्तारै झगडामा बदलियो अनि त म माइतीमा आएर बस्न बाध्य भएँ ।' उनका अनुसार बिमा र राहत रकमबाट घरको सबै कर्जा तिर्नुपर्ने बताएपछि कलह सुरु भएको थियो । विमलाले आफ्नो तर्क सुनाइन्, 'मैले बच्चा हुर्काउन र पढाउन बचत गर्नुपर्ने भएकाले पैसा दिन नसक्ने बताएँ । त्यसपछि परिवारमा बस्न नसक्ने अवस्था भयो ।'उनले देवर नन्दले पैसा मागेको र नदिए निकै अप्ठ्यारो पर्ने भनी धम्क्याएपछि माइती पुगेको बताइन् । ५ वर्षकी छोरी आशिकालाई लिएर ८ महिनायता उनी माइतीमै छिन् ।

विमलाका दाजु सन्तोष महतोले क्षतिपूर्ति रकमका पछि सबै परिवार लागिपरेकाले बहिनीको ज्यान बचाउन आफैंसँग राखेको बताए । 'बुहारी उनीहरूकै हो,' सन्तोषले भने, 'पैसा पनि उनीहरूकै हो, तर पैसा दिएपछि त्यही घरमा बहिनीले बस्न पाउँछे भन्ने विश्वास हामीलाई छैन ।'

धनवीरका परिवारले भने बुहारीलाई कुनै तनाव नदिएको दाबी गरे । ससुरा पीताम्बर महतोले हातमा पैसा पाएपछि बुहारी आफैं परिवर्तन भएको आरोप लगाए । पीताम्बरले छोराले भनेरै आफूले पक्की घर बनाउन १५ लाख कर्जा दिएको र अहिले सोही कर्जा तिर्न मासिक २५ हजार किस्ता तिरिरहेकाले आफूले बुहारीबाट आर्थिक सहयोग मागेको बताए ।

धनवीरकी दिदी रीताकुमारी माइती नजिकैको बिजलपुराको स्वास्थ्य चौकीमा काम गर्ने भएकाले अहिले माइतीमै छिन् । भाइको मृत्युपछि आफूले झन्डै मानसिक सन्तुलन गुमाएको बताउँदै त्यतिबेला आफूले भाइबुहारीलाई के के भने भनेर होस नभएको बताइन् । उनले आफूले बुहारीसँग पछि माफी पनि मागेको बताउँदै भनिन्, 'घर-जग्गा, सम्पत्ति सबै तिम्रै भएपछि ऋण पनि तिम्रै हो भन्दा उनी घर छोडेर हिँडिन् ।'

रानी र विमलाको जस्तै तर थोरै फरक कथा पिपरा-९ की २८ वर्षीया निलमदेवी दासको पनि छ । वैदेशिक रोजगारीमा साउदी अरब गएका उनका पति वीरेन्द्र दासको गत जेठमा मृत्यु भयो । त्यसपछि सुरु भयो परिवारमा किचलो । मृत्युपछि प्राप्त हुने क्षतिपूर्ति रकममा परिवारले दाबी गरेका कारण दिनरात घरमा मानसिक तनाव हुने गरेको उनले बताइन् ।

परिवारले ५ लाख रुपैयाँ माग गरिरहेको बताउँदै १० र ३ वर्षका दुई छोरी र ११ वर्षको एक छोरा हुर्काउने दायित्वका लागि पनि आफूले परिवारले भनेजति पैसा दिन नसक्ने सुनाइन् । भनिन्, 'श्रीमान्ले कमाएर सन्तानकै लागि भनेर पक्की घर बनाए । तर , उनी आफैं बस्न पाएनन् । अब यो घर म कसोगरी छाडेर जाऊँ ? श्रीमान्को मृत्युपछि परिवारमा कलह सुरु भए पनि उनी भिन्न भएर छुट्टै भान्सा गरेर बसेकी छन् । उनले क्षतिपूर्ति रकममा परिवारको दाबी अहिलेसम्म कायमै रहेको बताउँदै भनिन्, 'पैसाकै कारण ससुरा, जेठाजु र जेठानीसँग बोलचाल बन्द भएको छ ।' घरमा पारिवारिक किचलो सुरु भएपछि जनकपुरस्थित माइतीबाट आफूलाई बोलाए पनि तीन बच्चाको हक र अधिकारका लागि आफू सहँरै भए पनि घरमै बसिरहेको उनले बताइन्।

निलमका अनुसार श्रीमान्को मृत्युपछि आउने रकम श्रीमतीले बुझेपछि उसले अर्को बिहे गर्छे भन्ने आरोप सुन्नुपरिरहेको छ । 'छिमेकीले समेत अर्को बिहे गर्ने होला कि भनेर सोध्छन्,' उनले भनिन्, 'सबैले ठानेका छन् यो पैसा लिएर भाग्छे, परिवारले पनि त्यही ठानेको छ तर म यही परिवारमा बसेर आफ्ना छोरा-छोरीको जिम्मेवारी निभाउन चाहन्छु ।'

वैदेशिक रोजगार विभागका अनुसार गत आर्थिक वर्ष २०७९/८० मा मधेस प्रदेशबाट १ लाख ४६ हजार मानिस वैदेशिक रोजगारीमा गएका छन् । विभागका निर्देशक कविराज उप्रेतीले चालु आर्थिक वर्ष २०८०/८१ को ४ महिनामा मधेश प्रदेशबाट २६ हजार ७ सय ७२ मानिस श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको जानकारी दिए । तीमध्ये महोत्तरीबाट ४ हजार ६६ श्रमिक वैदेशिक रोजगारीमा छन् । यो संख्याले महोत्तरीमा वैदेशिक रोजगारीमा आश्रित परिवारको संख्या मात्र बुझाउँदैन, यसबाट आइपर्ने समस्या कति बृहत् छन् भनेर देखाउँछ ।

सामी परियोजनाको महोत्तरी कार्यालयका अनुसार जिल्लाबाट वैदेशिक रोजगारीमा गएका मध्येबाट महिनामा ३ देखि ५ जना मानिसको मृत्यु हुन्छ । उक्त परियोजनाको महोत्तरी प्रमुख रामभजन महतोले यस्तो घटनामा क्षतिपूर्ति रकम पाउने महिला र बालबालिका पारिवारिक हिंसामा पर्ने गरेकाले आफूहरूले क्षतिपूर्ति रकम दिलाउन र पीडितलाई न्याय दिलाउन सहयोग गरिरहेको बताए ।

प्रमुख जिल्ला अधिकारी शिवलाल गेलालले वैदेशिक रोजगारीमा मृत्यु हुने परिवारले पाउने क्षतिपूर्ति रकम मृतककी श्रीमतीले लिएपछि परिवारका अन्य सदस्यले महिलामाथि घरायसी हिंसा गर्ने घटना महोत्तरीमा व्याप्त रहेको बताए । यस्ता कैयन् घटनामा पीडितहरू न्यायको अपेक्षा राख्दै जिल्ला प्रशासनमा आइरहेको उनले बताए । प्रजिअ गेलालले महिलामाथि क्षतिपूर्ति रकमकै कारण सामाजिक, सांस्कृतिक, आर्थिक र शारीरिक हिंसा हुने गर को तथा कतिपय परिवारबाट समेत विस्थापित हुनुपरेको बताए । उनले भने, 'पीडितलाई संरक्षण गर्दै न्याय दिन स्थानीय तह, जनप्रतिनिधि र सम्बन्धित सरोकारवाला सबैले चासो राख्नुपर्ने भइसकेको छ ।'

प्रजिअ गेलालले मृतककी श्रीमती र परिवार दुवैतर्फबाट रकममा दाबी आएपछि क्षतिपूर्तिको ठूलो रकमको भुक्तानी नै गर्न समस्या भएको बताए । उनले यस्तो रकम ४ करोडभन्दा धेरै रहेको बताए । 'क्षतिपूर्ति लिने पहिलो हकवाला मृतककी श्रीमती हुन्छिन्,' उनले भने, 'तर परिवारले दाबी गरेपछि सहमति गरेर आउनूस् भनेर पठाउँछौं, परिवार बुहारीलाई रकम दिन सहमत नहुँदा भुक्तानी नै रोकिएको पनि छ ।'-कान्तिपुर



महोत्तरीको भंगाहा-७ की रानी पासवान (सल ओढेकी) छोरीका साथ जलेश्वर-२ स्थित माइतीमा आमासँग । तस्विर : सुनिता बराल

# जनकपुरका मेयर प्रत्याशी चौधरी लोसपा परित्याग गरी कांग्रेस प्रवेश



**खबर दर्पण समाचारदाता**
**मंसीर ९ गते, महेन्द्रनगर**

जनकपुरधाम उपमहानगर पालिकाका मेयरका प्रत्याशी मनोजकुमार चौधरी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) परित्याग गरी नेपाली कांग्रेस प्रवेश गरेका छन्।

शनिबार जनकपुरधाममा आयोजित बृहत् पार्टी प्रवेश कार्यक्रममा कांग्रेसका पूर्वउपसभापति एवं प्रतिनिधिसभा सदस्य विमलेन्द्र निधिले चौधरीलाई पार्टी प्रवेश गराएका हुन्।

चौधरीसहित कांग्रेस प्रवेश गर्ने नवप्रवेशीहरूलाई निधिले टीका लगाएर पार्टीमा स्वागत गरेका थिए।

बस व्यवसायी संघका अध्यक्षसमेत रहेका चौधरीसहित सात सयभन्दा बढी नेता कार्यकर्ताहरू विभिन्न पार्टी परित्याग गरी कांग्रेस प्रवेश गरेका हुन्।

चौधरी २०७९ सालको स्थानीय तह निर्वाचनमा लोसपाबाट जनकपुरधाम उपमहानगर पालिकाको मेयरका लागि प्रतिस्पर्धा गरेका थिए।

स्थानीय तह निर्वाचनमा उनी तेस्रो भएका थिए। त्यसअघि चौधरी २०७० सालको संविधानसभा निर्वाचनमा तत्कालीन रामसपाबाट संविधानसभा सदस्यका लागि चुनाव लडेका थिए।

चौधरीले मधेसवादी दलहरू जनताका लागि नभएर आफू र आफ्ना आफन्तका लागि काम गर्ने भएकाले पार्टी परित्याग गरेको बताए।

सबैलाई समेटेर हिँड्ने पार्टी भएकाले आफू कांग्रेसमा प्रवेश गरेको उनको भनाइ थियो।

'मधेसवादी दलहरू जनताका लागि काम गरेनन्, भाइभतिजा, सम्धी, सम्धनी उनीहरूको प्राथमिकतामा रह्यो, त्यसैले पार्टी परित्याग गरेर सबैलाई साथ लिएर हिँड्ने कांग्रेस प्रवेश गरेको छु,' उनले भने।

आफू विनाशर्त कांग्रेस प्रवेश गरेको उनको भनाइ थियो।

चौधरीका साथै जनकपुरधाम उद्योग वाणिज्य संघका सचिव एवं ग्यास विक्रेता संघका अध्यक्ष फूलदेव पण्डितसहित विभिन्नि राजनीतिक दल परित्याग गरी सात सयभन्दा बढी व्यक्ति कांग्रेस प्रवेश गरेका छन्।

# संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई कसैले परिवर्तन गर्न नसक्ने : निधि

**खबर दर्पण समाचारदाता**
**मंसीर ९ गते, महेन्द्रनगर**



नेपाली कांग्रेसका पूर्वउपसभापति एवं प्रतिनिधिसभा सदस्य विमलेन्द्र निधिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई कसैले परिवर्तन गर्न नसक्ने दाबी गरेका छन्।

शनिबार जनकपुरधाममा आयोजित विद्यापति स्मृति पर्वमा सम्बोधन गर्दै निधिले यस्तो बताएका हुन्।

'नेपाली जनताको ठूलो बलिदानबाट संघीयता र गणतन्त्र स्थापना भएको हो,' निधिले भने,'कसैले चाहँदैमा यो व्यवस्था र संविधान परिवर्तन हुनेवाला छैन।'

विद्यापतिको साहित्य लोकतन्त्र र समानताका लागि सबैको प्रेरणाको स्रोत रहेको उनले बताए।

'विद्यापतिका लेखनीहरू प्रेमरस र श्रृंगाररससम्म मात्रै सीमित छैन। उहाँ लोकतन्त्र र समानताका लागि हामी सबैका लागि पनि प्रेरणाको स्रोत हुनुहुन्छ,' निधिले भने,'उहाँको स्मृति पर्वको अवसरमा म भन्न चाहन्छु कसैले चाहेर यो संविधान र अहिलेको व्यवस्था परिवर्तन हुनेवाला छैन।'

मौथिलीका साथै हिन्दी भाषाका पनि प्रखर साहित्यकार विद्यापति नेपालमा मात्रै नभएर भारतमा पनि सम्मानित रहेको उनले बताए।

निधिले मैथिली भाषा, मिथिला र विद्यापति आफूहरूका लागि सदैव पूज्यनीय रहेको उल्लेख गरे।

मैथिली साहित्यका महाकवि विद्यापतिको जन्मस्थलबारे हालसम्म आधिकारिक पुष्टि हुनसकेको छैन।

जनकपुरधामको विद्यापति स्मारक संरक्षण समितिले हरेक वर्ष कात्तिक धवन त्रेयोधदीका दिन विद्यापति स्मृति पर्व मनाउने गरेको छ।

समितिका अध्यक्ष चन्द्रमोहन चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा जनकपुरधामका मेयर मनोज साह, वडा नम्बर ४ का अध्यक्ष सुरेश झा, जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास, पूर्वप्रमुख जिल्ला अधिकारी जिवछ मिश्रलगायतले मैथिली साहित्य र भाषाको विकासका लागि विद्यापतिले पुऱ्याएको योगदानको चर्चा गरेका थिए।

विद्यापतिलाई मैथिली साहित्यको महाकविको रूपमा चिनिन्छ। आधुनिक मैथिली साहित्यको लेखन तथा विस्तारमा उनको ठूलो योगदान रहेको छ।

मैथिली भाषा र साहित्यमा उनले गरेको योगदानको उच्च सम्मान गर्दै नेपाल र भारत दुवै देशले आ-आफ्नो देशको हुलका टिकटमा उनको तस्बिर अंकित गरेका छन्।

नेपाल र भारत दुवै देशमा मैथिली आन्दोलन विद्यापति स्मृति दिवसकै आयोजनाबाट सुरू भएको थियो।

कतिपयले उनको जन्म धनुषाको बनौलीमा भएको तर्क गर्छन् भने मधुबनीको बिसफी विद्यापितको जन्मस्थल भएको दाबी गर्नेहरू पनि देखिन्छन्।

# असईको गोली लागेर प्रहरी जवान घाइते

**खबर दर्पण समाचारदाता**
**मंसीर ९ गते, महेन्द्रनगर**

महोत्तरीमा असईको गोली लागेर एक जवान घाइते भएका छन।

प्रहरी चौकी हलखोरीका इन्चार्ज असई रामेश्वर प्रसाद यादवले ३० कात्तिक राती ११:३० मा सुत्नुअघि हतियार अभिबचभलअभ गर्ने बेला हतियारको ब्यारेलमा भएको गोली पड्की सोही चौकी बाहिर सेंट्री ड्यूटी बसेका प्रहरी जवान राजेश कुमार साह घाइते भएका हुन् ।

सो गोली भित्तामा लागेर फर्केर जवानलाई लागेको प्रारम्भिक अनुसन्धानमा बुझिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी प्रकाश मल्लले बताए। उनले यस घटनाबारे थप अनुसन्धान भइरहेको बताएका छन् ।

घटना कात्तिक ३० गते रातीकै भएपनि असई यादवले घटना लुकाएका थिए। घाइते जवान उपचारको लागि सप्तरी पुगेपछि प्रहरीले जानकारी पाएको एसपी मल्लले बताए । उनले घाइते जवानको अवस्था सामान्य रहेको र हाल घरमै उपचार भइरहेको छ ।

असई यादवको निलम्बनको प्रक्रिया अगाडि बढेको एसपी मल्लले बताएका छन् ।

## सूचना ! सूचना !!! सूचना !!!

उपरोक्त सम्बन्धमा जिल्ला धनुषा सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. ३ हाल परिरवर्तित जि.धनुषा क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ६ मा बस्ने जुगती साह सुडीको छोरा वर्ष ३३ को शैलेन्द्र कुमार साहले ऐ.ऐ. मा बस्ने जुगती साह सुडीको छोरा वर्ष ४७ को बैजनाथ साहलाई मिति २०७२।०७१७ गते को दिन जिल्ला धनुषा गा.वि.स. हरिहरपुर वडा नं. १ ख सि.नं. १५२४ कि.नं. ४७६३ को ०-०-५ जग्गा दर हस्तान्तरण तथा विक्री वितरण गर्नको लागि अधिकृत वारिसनामा गरेकोमा अब उप्रान्त उक्त कार्य म आफै गर्ने भएको हुँदा उक्त अधिकृत वारिसनामा बदर गरि दिएको जानकारी यसै सूचना मार्फत जानकारी गराईन्छ।


## सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

**लोहारपट्टी नगरपालिका, महोत्तरी**



## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**लक्ष्मीनिया गाउँपालिका, धनुषा**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा